नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं


नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

मिति :-
२०८०/११/२०

बिषयः प्रेस विज्ञप्ती ।

माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतोज्यूले यहि **February 26** देखि **March 1, 2024** सम्म **Kenya** को **Nairobi** मा **United Nations Environment Programme (UNEP)** द्वारा आयोजित **Sixth Session of the United Nations Environment Assembly** कार्यक्रममा सहभागी हुनुभयो । **February 27** मा **Gala of Hope** कार्यक्रममा नेपाल सरकारको तर्फबाट **UN World Restoration Flagship Award** ग्रहण गरी प्रमुख वक्ताको रुपमा सम्बोधन गर्दै नेपाल सरकार र संरक्षण साझेदारहरुको संयुक्त प्रयासबाट नेपालले **Terai Arc Landscape** क्षेत्रमा पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना भई बाघ, गैडा जस्ता महत्वपूर्ण प्रजातिहरुको सङ्ख्यामा उत्साहजनक वृद्धि भएको विषय उल्लेख गर्नुभएको थियो ।साथै सोबाट सृजित मानव वन्यजन्तु द्वन्दलाई न्यूनीकरण गर्न संरक्षण साझेदारहरुलाई सहयोग गर्न आह्वान समेत गर्नुभएको थियो । **29 February** मा **Opening Ceremony of the High Level Segment** मा सहभागी भई नेपालको तर्फबाट राख्नुभएको **National Statement** मा **Triple Planetary Crisis** को कारण नेपाल तथा पर्वतीय क्षेत्रमा परेका नकरात्मक असरहरुको न्यूनीकरण तथा समाधानको लागि वैश्विक समुदायलाई एकजुट भई संयुक्तरुपमा प्रयास गर्नका लागि आह्वान गर्नुभयो । सोही दिन **Multistakeholder Dialogue: Partnering for the Environment: Inclusive Multilateralism Fit for purpose** कार्यक्रमलाई पनि प्रमुख वक्ताको रुपमा सम्बोधन गर्दै हालका वातावरणीय चुनौतीहरुलाई सामना गर्न **Inclusive Multilateralism** विकल्प रहित समाधान हुने धारणा व्यक्त गर्नुभएको थियो ।सोही अवधिमा केन्यामा रहेका नेपाली समुदाय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरुसँग बैठक तथा भेटघाटमा सहभागी हुनु भयो ।

०८०/११/२०

बद्रिराज ढुङ्गाना
सहसचिव एवम् प्रवक्ता


फोन नं. :-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४, फ्याक्स नं. :- ४२११८६८